"Partnership for Urban Governance" DAO Regd. No. 2/054/55 NDA-2018

नेपाल नगरपालिका संघ
Municipal Association of Nepal (MuAN)

530 Pandol Marg, Lazimpat
PO Box : 14286, Kathmandu, Nepal
Tel : (977-1) 4425692, 4420559
Fax : (977-1) 4418671
Email : muan@ntc.net.np, info@muannepal.org.np

Ref. ०७८/७९- ११८

मितिः २०७८/८/१९

श्रीमान प्रमुखज्यू,
NSET - NEPAL

**विषयः विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी सामग्री उपलब्ध गराइ दिने बारे ।**

उपरोक्त सम्बन्धमा नेपाल नगरपालिका संघले मुलुकभरकै नगरपालिकाहरुको प्रतिनिधित्व गर्दै संघीयता, शुसासन, गरिवी निवारण, लैगिंक, विपद जोखिम न्यूनिकरण लगायतमा शहरी वातावरणका विषयमा पैरवी गर्दै स्थानीय सरकारहरुको क्षमता विकासका लागि विभिन्न विकास साझेदारहरुसंग काम गर्दै आइरहेको सहर्ष जानकारी गराउँदछु ।

यसै सन्दर्भमा **अमेरिकी सहयोग नियोग USAID/Tayar Nepal's Nepal – Improved Disaster Risk Management Project** मार्फत **नेपालका नगरपालिकाहरुको जोखिम उत्थानशीलता** कार्यक्रम संचालन गरिरहेको छ । उक्त परियोजनाको उद्देश्य स्थानीय सरकारहरुलाई विपद जोखिम न्यूनिकरण र व्यवस्थापन सहायता प्रदान गर्नु हो ।

संघले आफ्नो रणनीति योजना अनुसार नगरपालिकाहरुलाई विपदको जोखिम कम गर्ने पूर्व तयारी, उद्धार, राहत एवं पुर्नस्थापनामा सहयोग पुर्याउने छुट्टै विपद जोखिम व्यवस्थापन इकाइ स्थापना गरेको छ । त्यसैले उक्त इकाइको प्रभावकारी कार्यान्वयनका लागि यहाहरुसँग उपलब्ध विपद जोखिम न्युनिकरण सम्बन्धि पुस्तक, प्रकासन, प्रतिवेदन आदि सन्दर्भ सामग्री उपलब्ध गराइ सहयोग प्रदान गरिदिन हुन अनुरोध गर्दछु ।

.........................
कलानिधि देवकोटा
कार्यकारी निर्देशक

www.muannepal.org.np
सबल, सुशासित र समृद्ध नगरपालिका